**INTELLECTUAL INCEPTION: A Multidisciplinary Research Journal of Bhojpur Campus**
(Peer Reviewed)
ISSN: 2990-7934, Volume 3, Issue 1, June 2025, pp 104-121
Published by Research Management Cell (RMC), Bhojpur Multiple Campus, Bhojpur
E-mail: rmcbhojpur@gmail.com

# तत्वदर्शनको आलोकमा महिलाको अर्थपूर्ण राजनीतिक प्रतिनिधित्व : संरचना र सामाजिक व्यवहारको अन्तरद्वन्द्व

चक्रबहादुर कार्की
विद्यावारिधि अनुसन्धानरत समाजशास्त्र, केन्द्रीय विभाग त्रि.वि., कीर्तिपुर

***Article History:*** Submitted 3 April 2025; Reviewed 11 May 2025; Revised 16 June 2025
***Corresponding Author:*** Chakra Bahadur Karki, Email: chakrakarki333@gmail.com
***DOI:*** https://doi.org/10.3126/iimrjbc.v3i1.81409

*लेखसार (**Abastract**)*

*यस अध्ययनले नेपालको राजनैतिक प्रक्रियामा महिलाको अर्थपूर्ण प्रतिनिधित्व (meaningful representation) लाई विश्लेषणको केन्द्रमा राखेको छ । जसमा भोजपुर जिल्लाका राजनीतिकर्मी महिला कार्यकर्ताहरूका अनुभवहरूलाई मूलस्रोतका रूपमा उपयोग गरिएको छ । अध्ययनका लागि नेपाली कांग्रेस, नेकपाएमाले र माओवादीकेन्द्रका गरी ९ जना महिला कार्यकर्ताहरूका अन्तर्वार्तामार्फत गुणात्मक विधिबाट तथ्याङ्क सङ्कलन गरिएको छ। प्राप्त संकथनहरुलाई वैदिक दर्शन अन्तर्गत वैशेषिक सूत्र र तन्त्रशास्त्रका सिद्धान्तहरूलाई विश्लेषणको दार्शनिक ढाँचाको रूपमा प्रयोग गरिएको छ । अन्तर्वार्ताबाट प्राप्त निष्कर्ष अनुसार, महिलाहरू राजनीतिक रूपमा उपस्थित भए तापनि निर्णय प्रक्रियामा उनीहरूको भूमिका प्रतीकात्मक मात्रै छ । नेतृत्व तहबाट नीति निर्माण गर्ने र प्रभाव पार्ने हैसियतमा पुग्न उनीहरूलाई सामाजिक, आर्थिक र संस्थागत अवरोधले रोकिरहेको छ । समानुपातिक प्रणालीबाट प्रतिनिधित्व पाउने अधिकांश महिलाहरु पहुँच र कूलीनतामार्फत आउँदा सिमान्तकृत समुदायका महिलाहरू अझै पछि परिरहेका छन्। वैशेषिक दर्शनको 'गुण' र'कर्म' सिद्धान्तले महिलामा नेतृत्व गर्ने गुण भएपनि कर्म अर्थात् निर्णयको अवसर उपलब्ध नभएको यथार्थलाई उजागर गर्दछ । त्यस्तै, 'तन्त्रशास्त्र'को नारीशक्ति अवधारणाले महिलामा रुपान्तरणकारी शक्ति भए तापनि त्यसलाई संस्थागत संरचनाले दबाएको देखाउदँछ । 'उदाहरणीय नेतृत्व' (transformative leadership) र 'महिला केन्द्रित क्षमता अभिवृद्धि' अपरिहार्य देखिन्छ । नारी सशक्तीकरणको वास्तविक मापन, संख्याको आधारमा नभई, महिलाहरूको निर्णय प्रक्रियामा कत्तिको अर्थपूर्ण प्रतिनिधित्व छ भन्ने कुरामा आधारित हुनुपर्छ ।अन्ततः, यस अध्ययनले राजनीतिमा महिलाको औपचारिक सहभागिता मात्र पर्याप्त छैन भनी जोड दिँदै महिलाको आवाज, निर्णय क्षमता, भावना, दक्षता र स्वायत्तता सुनिश्चित गर्दछ, त्यसलाई सशक्त लोकतन्त्रको आधारका रूपमा प्रस्तुत गर्न सकिन्छ । यस लेखले महिलाको साामाजिक राजनीतिक अवस्थाको अध्ययनमा शैक्षिक र प्राज्ञिक क्षेत्रमा नयाँ दृष्टिकोणाबाट अध्ययन अनुसन्धान गर्न भविष्यका अनुसन्धानकर्तालाई प्रोत्साहित गर्दै यस बृत्तमा मार्गनिर्देश गर्न मद्दत पुग्ने छ ।*

**शब्दकुञ्जी** : महिला, वर्ग, राजनीति, समाज, अर्थतन्त्र, राजनीतिक दल ।

## परिचय (Introduction)

महिलाका लागि राजनीतिक प्रतिनिधित्वको सन्दर्भअझै चुनौतीपूर्ण, जटिल र बहस योग्य विषय बनेको छ, किनकी प्रस्तुत विषय मुलुक लोकतान्त्रिक बृत्तको उच्चतम विन्दुमा पुग्दा समेत परीक्षाको परिधिमा रहेको छ । जुन ऐतिहासिक असमानता, पितृसत्तात्मक संरचना र कानुनी प्रावधानहरूको सीमित कार्यान्वयनबाट प्रभावित छ । संविधानले ३३ प्रतिशत महिला प्रतिनिधित्वको सुनिश्चितता गरेता पनि र समानुपातिक प्रणालीमार्फत महिलाहरूलाई संसदमा ल्याउने व्यवस्था भए पनि वास्तविकता फरक छ । यस्ता व्यवस्थाभित्र प्रभावशाली राजनीतिक परिवारका महिलाहरूलाई अघि बढाउन प्रयोग भएको देखिन्छ । स्थानीय तहमा क्रियाशील महिला कार्यकर्ताहरू पनि आर्थिक अभाव, सामाजिक, सांस्कृतिक बन्धन र पहूँच अभावका कारण ओझेलमा पर्दै गएको अनुभव ब्यक्त गर्छन् । पुरुष नेतृत्वको वर्चस्व अझै पनि नेपालको सामाजिक, राजनीतिक र आर्थिक जीवनमा प्रबल देखिन्छ । जहाँ महिलाहरूलाई सहायक राजनीतिक भूमिकामा सीमित राख्ने प्रवृत्ति छँदैछ ।

यस अध्ययनले भोजपुर जिल्लाका राजनीतिकर्मी महिला कार्यकर्ताहरूको अन्तर्वार्ताको माध्यमबाट उनीहरुको राजनीतिक प्रतिनिधित्वको वास्तविक यथार्थता बुझ्ने प्रयत्न गरेको छ । भोजपुर राजनीतिक चेतनाको दृष्टिले उर्वर जिल्ला हो, यहाँका राजनीतिकर्मी महिलाहरूले कसरी पितृसत्तात्मक राजनैतिक संरचना, स्रोतको अभाव र दलभित्रको शक्ति सन्तुलनसँग प्रतिस्पर्धा गरिरहेका छन् भन्ने पक्ष अध्ययनको मुख्य उद्देश्य हो । यो अध्ययनले शिक्षा, सम्पत्ति र राजनीतिक पहुँचमा देखिने संरचनात्मक असमानता जस्ता पक्षहरुले कसरी महिलाको अर्थपूर्ण राजनीतिक प्रतिनिधित्वमा बाधा पुऱ्याईरहेको छ भन्ने तथ्यको उजागर गरेको छ। साथै समावेशी प्रणालीका नाममा हुने वर्गीय र शक्तिमा आधारित राजनीतिक प्रतिनिधित्वको यथार्थलाई सक्ष्मरुपमा प्रस्तुत गरिएको छ ।

नेपालको संविधानले २०७२ ले ३३ प्रतिशत आरक्षण सुनिश्चित गरेपनि व्यवहारमा महिलाको राजनैतिक प्रतिनिधित्व सीमित र औपचारिक मात्रै देखिन्छ । समानुपातिक प्रतिनिधित्व प्रणालीमार्फत महिलालाई संसदमा ल्याइए पनि तीमध्ये अधिकांश प्रभावशाली राजनीतिक परिवारबाट आएका हुन्छन् (Bhattarai, 2016 M 45) । महिलालाई चुनाव लड्नुपर्ने अवस्थामा स्रोत र पहुँचको अभावका कारण गरिब तथा ग्रामीण क्षेत्रका महिलाहरू पछाडि पारिन्छन् (Tamang, 2009M71) । पुरुष नेतृत्वले महिलालाई दलभित्र सक्रिय कार्यकर्ता मात्र बनाएर राख्ने र निर्णय प्रक्रियाबाट टाढा राख्ने प्रवृत्ति अझै प्रबल छ (Acharya & Bennett,1981M102) । नेपालको राजनैतिक बृत्तमा महिला प्रतिनिधित्वको विकास ऐतिहासिक पृष्ठभूमिमा पनि हेर्न सकिन्छ, जहाँ पञ्चायती व्यवस्थादेखि बहुदलीय प्रजातन्त्र र लोकतान्त्रिक गणतन्त्रसम्ममा महिलाहरूको भूमिकामा केही वृद्धि देखिए तापनि त्यो संख्यात्मक मात्र छ, गुणात्मक प्रतिनिधित्व अझै कम छ (Shrestha, 2010M86) । केही महिला नेतृहरू उच्च स्थानमा पुगेका भए पनि तीमध्ये अधिकांश शहरी क्षेत्र र राजनीतिक परिवारसँग आबद्ध छन् (Adhikari, 2014 M59) । यसप्रकारको प्रतिनिधित्वले ग्रामीण,

दलित, आदिवासी तथा जनजाति महिलाहरूको वास्तविक आवाज विलिन हुने खतरा रहन्छ । जहाँ महिलाहरुको अनुभव, भावना, स्मृति, भोगाई, जीवनगाथा र संघर्षहरु अन्तर्सम्वन्धित रहेका हुन्छन् । नेपालमा महिलाको राजनीतिक प्रतिनिधित्वको संरचनागत आधार सुदृढ भएपनि व्यवहारिक रूपमा उनीहरूको प्रतिनिधित्व, आवाज र निर्णय क्षमतामा अझै चुनौतीहरू छन् । जात, वर्ग, भौगोलिक पहुँचजस्ता अन्तरविरोधी पहिचानहरूले महिला नेतृहरूको राजनीतिक अनुभवलाई जटिल बनाइरहेको अनुभूत हुन्छ । यस सन्दर्भमा नीतिगत सुधार, सांस्कृतिक सोचको परिमार्जन र संस्थागत जिम्मेवारी आवश्यक देखिन्छ । जसले महिलाको राजनैतिक प्रतिनिधित्वलाई मात्र हैन, नेतृत्व क्षमतालाई पनि प्रभावकारी बनाउन सकोस ।

### सैद्धान्तिक बहस (Theoretical Lens)

राजनीतिमा महिला प्रतिनिधित्वको सन्दर्भलाई हेर्दा (Liberal Feminism) ले राजनीतिक समावेशिता र समान अवसरको वहस उठाउँछ । तर संरचनात्मक अवरोधहरूको विश्लेषण गर्न (Intersectionality) को सिद्धान्त अझ सान्दर्भिक ठहरिन्छ । विशेषगरी भोजपुर जिल्ला नेपालको पूर्वी पहाडी भूभागमा अवस्थित एक ऐतिहासिक, दार्शनिक र राजनैतिक चेतनाको दृष्टिले भरिपूर्ण जिल्ला भएकाले जात, वर्ग, भूगोल र लिङ्गको अन्तरसम्बन्धले महिलाको राजनैतिक प्रतिनिधित्वमा गहिरो प्रभाव पार्दछ (Crenshaw, 1991, p. 124) । यस सन्दर्भमा, नेपाली महिलाहरूको राजनीतिक प्रतिनिधित्व जातीय, सांस्कृतिक र वर्गीय विभाजनबाट गहिरो रूपमा प्रभावित हुन्छ । विशेषगरी, दलित, जनजाति, मधेसी, वा ग्रामीण क्षेत्रका महिलाहरूलाई राजनीतिक संरचनामा पुग्न अझ कठिनाइहरू हुन्छ, Intersectionality को प्रयोगले यस्ता विविध पहिचानहरूलाई समेटेर समावेशी नीतिनिर्माण र दिगो सहभागिता लागि मार्ग खोल्न सक्ने सम्भावना देखिन्छ ।

### अनुसन्धान अन्तराल (Research Gap)

हालसम्मका अध्ययनहरू राष्ट्रिय स्तरमा केन्द्रित छन्, जसले स्थानीय स्तरका राजनीतिकर्मी महिला कार्यकर्ताहरूको अनुभव र आवाजलाई पर्याप्त स्थान दिएका पाइँदैन । भोजपुरजस्ता पहाडी जिल्लामा महिलाहरू कसरी राजनीतिक जीवनमा प्रवेश गर्छन र उनीहरूको भूमिका, संघर्ष र सीमाहरू के के छन् ? भन्नेबारे विश्लेषणात्मक अध्ययनको कमी देखिन्छ । समानुपातिक प्रणालीमार्फत महिलाको प्रतिनिधित्व हुँदा उनीहरूमा शक्ति र निर्णय प्रक्रियामा वास्तविक पहुँच कति छ भन्ने विषय अझै विस्तृत अध्ययनको खाँचो छ । यस अध्ययनले भोजपुर जिल्लाका राजनीतिकर्मी महिला कार्यकर्ताहरूको जीवन अनुभव, उनीहरूको राजनीतिक यात्रा, दलभित्रको स्थान र चुनौतीहरूको गुणात्मक विश्लेषण गरेको छ । संविधानले सुनिश्चित गरेको प्रतिनिधित्व र व्यवहारमा देखिएको सीमितताबीचको अन्तरलाई उजागर गर्दै महिला सशक्तिकरणको यथार्थ धरातल देखाउने प्रयत्न गरिएको छ । यस अध्ययनका लागि प्राथमिक स्रोत र अनुसन्धान शीर्षक अन्तर्गत सबै सामग्रीहरू समेटेर सुसंगत खण्ड तयार गरिएको छ । यद्यपि हालसम्मका अध्ययनहरूले नेपालको राजनीतिक प्रणालीमा महिलाको प्रतिनिधित्व, कानुनी पहुँच, तथा समानुपातिक सहभागिताका विषयमा महत्वपूर्ण पक्षहरुको उठान गरेका छन्, तीमध्ये धेरै जसोले महिलाको पहिचानलाई एउटै समरूप समुहको आधारमा व्याख्या गरेका छन् । जात, वर्ग, भौगोलिक क्षेत्र, भाषा, संस्कृति तथा अन्य सामाजिक अन्तरधाराहरूले महिलाको अनुभवलाई फरक बनाउने

तथ्यलाई अझै पर्याप्त रूपमा विश्लेषण गरी अध्ययन भएको पाइदैन । विशेषगरी, ग्रामीण, सीमान्तकृत तथा आदिवासी महिलाहरूको राजनीतिक पहुँचमा बहुआयामिक (intersectional) अवरोधहरू कसरी क्रियाशील छन् भन्ने विषयमा गहिरो अध्ययनको कमी देखिन्छ । यसै कारण, विद्यमान राजनीतिक समावेशीकरणका नीतिहरूले सबै प्रकारका महिलालाई समान अवसर दिन नसकेको देखिन्छ । त्यसैले, महिलाको राजनीतिक प्रतिनिधितवलाई बहुपहिचानको धरातलबाट विश्लेषणको आवश्यकता रहेकाले बहिष्करणका संरचनात्मक कारणहरू उजागर गर्न मद्दत पुग्ने अपेक्षा गरिएको छ ।

## अनुसन्धान विधि (Methodology)

प्रस्तुत अध्ययन भोजपुर जिल्लाका राजनीतिकर्मी महिला कार्यकर्ताहरूको अनुभव र आवाजमाथि केन्द्रित छ । अध्ययनले विशेषरूपमा वैदिक दर्शनमा आधारित वैशेषिक सूत्र, शक्ति र कला परम्परामा आधारित तन्त्रशास्त्र, र प्रत्यक्ष अन्तर्वार्तालाई प्राथमिक स्रोतको रूपमा प्रयोग गरिएको छ । राजनीतिकर्मी महिलाहरूका जीवनानुभव, राजनीतिप्रतिको पहुँच, प्रतिनिधित्व तथा बहिष्करणका कारणहरू बुझ्न अन्तर्वार्ताका माध्यमबाट गुणात्मक विधिहरू प्रयोग गरिएका छन् । अध्ययनमा प्रयोग भएका प्राथामिक स्रोतहरूमा जस्तोसुकै समावेशी कार्यक्रमले पनि महिलाका बहुआयामिक समस्याहरू समेट्न नसकेको अनुभव गरिएकाले, ती महिलाहरूबाट प्रत्यक्ष रूपमा प्राप्त अन्तर्दृष्टिहरू उपयोगी ठहरिएका छन् ।

## दार्शनिक तथा ग्रन्थगत स्रोतहरू

वैशेषिक सूत्रको प्रयोग, वैशेषिक दर्शनले पदार्थ (dravya), गुण (guna), कर्म (karma), विशेषता (vishesha) र समवाय (samavaya) को माध्यमबाट अस्तित्व र व्यवहारको विश्लेषण गर्छ (Chatterjee & Datta,1984 M 101) । यस अध्ययनमा राजनीतिकर्मी महिलाहरूको भूमिकालाई 'गुण' (विशेषता र सीप) र 'कर्म' (राजनीतिक गतिविधि)का दृष्टिकोणबाट विश्लेषण गरिएको छ। यसले उनीहरूको उपस्थितिलाई संख्यात्मक मात्र होइन, गुणात्मक दृष्टिले समेत बुझ्न सघाउँदछ ।

## तन्त्रशास्त्रको प्रयोग :

शाक्त तन्त्रहरूमा महिलालाई शक्ति, सृजनशीलता र रूपान्तरणको कारकका रूपमा चित्रण गरिएको पाइन्छ (Mookerjee,1971 M88) । तन्त्रको "कुण्डलिनी शक्ति" को अवधारणा महिला चेतनाको जागरण र सामाजिक-राजनीतिक रूपान्तरणको रूपकका रूपमा प्रयोग गरिएको छ। यस दृष्टिकोणले महिलालाई पितृसत्तात्मक राजनीतिक संरचनाभित्र बदल्न सक्ने ऊर्जाशक्तिको रूपमा हेर्न मद्दत गर्दछ । शाक्त तन्त्रमा प्रस्तुत गरिएको दृष्टिकोणले महिला सशक्तिकरणलाई केवल उपस्थिति वा प्रतिनिधित्वको कुरा नभई संरचनात्मक परिवर्तन र सांस्कृतिक पुनर्संरचनाको अनिवार्यता मानेको छ । संविधान र कानुनी व्यवस्थाले सम्भावना त खोलिदिएको छ, तर त्यो सम्भावनालाई वास्तविक सशक्तिकरणमा रूपान्तरण गर्न समाज, राज्य र नीति सबै तहमा परिवर्तन आवश्यक छ भन्ने सन्देश प्रदान गर्दछ । (Chatterjee & Datta -1984) द्वारा वर्णित षड्द्रव्य तत्वहरू- द्रव्य, गुण, कर्म, सामान्य, विशेष र समवाय - दर्शनशास्त्रका आधारभूत तत्व हुन् । जसको प्रयोग समाजशास्त्रीय विश्लेषणमा पनि सान्दर्भिक छ । यी तत्वहरूमार्फत महिलाको

सामाजिक अवस्थाको गहिरो अध्ययन गर्न सकिन्छ । द्रव्यका रूपमा महिलालाई स्वतन्त्र र पूर्ण अस्तित्वस्वरूप स्वीकार नगर्दासम्म उनीहरूको सामाजिक हैसियत सशक्त हुँदैन । गुण तत्वले महिलामा विद्यमान सहनशीलता, दक्षता, नेतृत्व क्षमता जस्ता विशेषताहरूको पहिचान र मान्यता दिन आवश्यक ठहरिन्छ। कर्मले महिलाको सक्रिय भूमिकालाई प्रोत्साहन गर्ने आधार दिन्छ, जसले उनीहरूको सामाजिक परिवर्तनमा योगदान देखाउँछ । सामान्य तत्वले समान अधिकारका सवाल उठाउँछ, तर त्यो समानताभित्र लुकेको विविधतालाई बुझ्न विशेष तत्व आवश्यक हुन्छ । उदाहरणका लागि, दलित, जनजाति वा ग्रामीण महिलाका अनुभवहरू फरक छन् । जुन विशिष्ट दृष्टिकोणबाट मात्र बुझ्न सकिन्छ । अन्ततः, समवाय तत्वले महिलाको अस्तित्व र समाजबीचको अविच्छेद्य सम्बन्धलाई देखाउँछ । यी तत्वहरूको समायोजनले महिलाको सामाजिक समावेशीकरण, समानता र सशक्तिकरणतर्फ एक समग्र दृष्टिकोण प्रदान गर्दछ । यसैले, षड्द्रव्य सिद्धान्त सामाजिक संरचना विश्लेषणका लागि प्रभावकारी दार्शनिक आधार बन्न सक्छ ।

### प्रत्यक्ष स्रोत अन्तर्वार्ता

अध्ययनका लागि भोजपुर जिल्लाका प्रमुख तीन राजनीतिक दलहरू (नेपाली कांग्रेस, नेकपा एमाले र माओवादी केन्द्र) का ९ जनासँग राजनीतिकर्मी महिलाहरुसँग अर्ध-संरचित अन्तर्वार्ता गरिएको छ । अन्तर्वार्तामा सहभागीहरूको छनोट निम्न मापदण्डमा आधारित थियो । कम्तीमा ५ वर्षको सक्रिय राजनीतिक अनुभव, स्थानीय तहमा पार्टी संगठनमा संलग्नता, महिलाको राजनीतिक प्रतिनिधित्वबारे स्पष्ट दृष्टिकोण भएका राजनीतिकर्मी महिला कार्यकर्ताहरु ।

### तथ्यांक संकलन विधिः

अर्ध-संरचित अन्तर्वार्ता, प्रत्यक्ष वा फोनमार्फत, प्रत्येक अन्तर्वार्ता औसत ४५ मिनेट, लेखोट लिने र भ्वाइस रेकर्डिङको संयोजन, सूचना आधारित सहमति (informed consent) प्राप्त गरिएको छ । अन्तर्वार्तामा सहभागी महिला कार्यकर्ताहरुको सुझाव अनुसार नाम परिवर्तन गरी राखिएको छ । .

### विश्लेषण पद्धति (Data Analysis)

संकलित तथ्याङ्क (thematic content analysis) पद्धतिमा आधारित रहेर विश्लेषण गरिएको हो (Braun & Clarke, 2006 M79) । प्रमुख विषयहरू राजनीतिक चेतना, पितृसत्ता, अवसरको असमानता, समानुपातिक प्रणालीको प्रभावलाई लक्षित गरेर अन्तर्निहित प्रवृत्तिहरू पहिचान गरियो । वैशेषिक र तान्त्रिक दृष्टिकोणले तथ्याङ्क व्याख्यामा सैद्धान्तिक सन्दर्भ प्रदान गरेको छ ।

### सैद्धान्तिक रूपरेखा र स्थानीय सन्दर्भको एकीकरण

यस अध्ययनले पश्चिमी नारीवादी सिद्धान्तसँगै, स्थानीय दर्शनहरू जसले महिलालाई शक्ति, गुण र कर्मको एकाइको रूपमा व्याख्या गर्छन र यसलाई प्रयोग गरी नेपालको ग्रामीण राजनीतिक संरचनामा महिलाको भूमिकालाई नयाँ दृष्टिले अध्ययन गरेको छ। भोजपुरजस्ता पहाडी जिल्लामा वर्ग, जात, लिङ्ग र भूगोलको अन्तरसम्बन्ध (intersectionality) महिलाको राजनीतिक यात्रालाई सूक्ष्मरुपमा अध्ययन गरिएको छ । यस अध्ययनको परिणाम (Results) खण्ड भोजपुर जिल्लाका महिला राजनीतिक कार्यकर्ताहरूसँगको अन्तर्वार्ताबाट संकलित तथ्यहरूमाथि आधारित छ ।

अध्ययनमा गुणात्मक विश्लेषण, सैद्धान्तिक ढाँचा (वैशेषिक सूत्र र तन्त्र) र स्थानीय सन्दर्भ समेटिएका छन् ।

**परिणाम (Results)**

अध्ययनमा राष्ट्रिय राजनीतिक दलको मान्यता प्राप्त भोजपुर जिल्लामा क्रियाशील प्रमुख तीन दलहरू नेपाली कांग्रेस, नेकपा एमाले र नेकपा माओवादी केन्द्रका राजनीतिकर्मीमहिला कार्यकर्ताहरूको अन्तर्वार्ताबाट विभिन्न विषयगत श्रेणीहरू पहिचान गरिएको छ । महिलाको राजनीतिक प्रतिनिधित्व, सशक्तिकरण र सीमाबद्धताका सम्बन्धमासमानुपातिक प्रणालीमा पहुँच, तर शक्तिमा निर्वल, सहभागी महिला नेतृहरू समानुपातिक प्रतिनिधित्व प्रणालीमार्फत राजनीतिक प्रवेशमा केही अवसर पाएको बताउँछन् । तर उनीहरूले निर्णय प्रक्रियामा पहुँच छैन भन्ने महसुस गरेका छन् । यस सन्दर्भमा नेकपा एमालेकी स्थानीय कार्यकर्ता सरिता राई भनिछन् "महिलालाई कोटाबाट प्रतिनिधित्व गराइए पनि निर्णय प्रक्रियामा चाहिँ महत्वपूर्ण भूमिका खेल्न पाएका छैनन् ।"

समानुपातिक सूचीमा रहेका महिलाहरूको चयनमा स्थानीय नेताहरूको प्रभाव र सम्बन्धमुखी राजनीतिले भूमिका खेल्ने देखियो । गरिब, निम्नवर्ग, दलित महिला कार्यकर्ताहरूको नाम सूचीमा पुग्न समेत मुस्किल हुन्छ । नेपाली काँग्रेसकी स्थानीय कार्यकर्ता निर्मला कार्की भन्छिन् "पार्टीको माथिल्लो तहमा पहुँच नभए महिला अघि जान सक्दैनन् ।" महिलाहरू सक्रिय कार्यकर्ताका रूपमा जनताबीच काम गर्छन् घरघरमा प्रचार, सभा, बैठकमा सहभागिता जनाउँन पुग्दछन् तर नेतृत्वको जिम्मेवारी चाहिँ पुरुषहरूकै हातमा सीमित छ । नेकपा माओवादी केन्द्रकी स्थानीय कार्यकर्ता अनिता खड्का भन्छिन् "हामी मञ्च बनाउँछौं, झन्डा बोक्छौं, तर बोल्ने ठाउँ विरलै पाइन्छ ।"

तन्त्रदर्शनको दृष्टिकोणबाट हेर्दा राजनीतिकर्मी महिलाहरूमा आन्तरिक शक्ति र परिवर्तनको आकांक्षा पाइन्छ । उनीहरूमा नेतृत्व क्षमता, साहस, र सामाजिक सेवा गर्ने इच्छाशक्ति प्रस्ट देखियो। यस्ता भावनाहरू तान्त्रिक शाक्त चिन्तनमा वर्णित "कुण्डलिनी शक्ति" सँग मिल्दोजुल्दो पाइन्छ (Mookerjee, 1971M 88) । नेकपा माओवादी केन्द्रकी स्थानीय कार्यकर्ता अनिता खड्का अर्को प्रसंगमा भन्छिन "अन्यायको विरुद्ध आवाज उठाउँन मैले हिम्मत नगरेको भए गाउँमा महिलाहरू अझै अघि आउँदैनथे ।" यसले महिलामा पनि नेतृत्वदायी शक्ति छ भन्ने तथ्यको उजागर गर्दछ ।

वैशेषिक दृष्टिकोणले हेर्दा महिलाहरूमा पर्याप्त गुण (सहनशीलता, संगठन क्षमता र नैतिकता) भए पनि उनीहरूलाई राजनीतिक कर्म (नेतृत्व, निर्णय, प्रतिनिधित्व) मा संलग्न हुन अवरोध गरिन्छ (Chatterjee & Datta, 1984: 101) । यो गुण र कर्मको विच्छेद नै महिलाको राजनीतिक कमजोरीको मूल कारण हो भन्ने अध्ययनबाट देखिन्छ ।

महिला नेतृहरू अझै पनि घरायसी जिम्मेवारी र सामाजिक अपेक्षाबाट ग्रसित छन् । परिवारको समर्थन बिना महिला राजनीतिमा लामो समय टिक्न गाह्रो हुने कुरा प्रायः सबै सहभागीहरूले उल्लेख गरेका छन् । नेपाली काँग्रेसकी स्थानीय कार्यकर्ता दिपा राई भन्छिन् "घर र

पार्टी दुवै मिलाउनु भनेको दोहोरो जिममेवारी हो । धेरैजसो महिला थाकेर पछाडि हट्छन्, राजनीति गर्न आर्थिक पहुँच नभएकाले घरको खर्च र पार्टीको खर्च दुवै धान्न गाह्रो हुन्छ । पहुँच नभएका महिलालाई चुनाव लड्नै गाह्रो छ । पार्टीमा पुरुष नेताहरू निर्णय गर्छन् । महिलालाई भने साइड रोल दिइन्छ, कागजमा मात्रै समानता छ ।” यस आधारले महिलाको वास्तविक एवम् अर्थपूर्ण प्रतिनिधित्व भएको मान्न सकिन्दैन ।

यसर्थ, महिलाहरू राजनीतिक रूपमा सांकेतिक उपस्थिति भन्दा बढी गुणात्मक सशक्तिकरण चाहन्छन्। समानुपातिक प्रणालीले प्रारम्भिक प्रवेशको ढोका खोल्छ, तर निर्णय प्रक्रियामा महिलाको पहुँच अझै कमजोर छ । स्थानीय दर्शनजस्तै वैशेषिक सूत्र र तन्त्र शास्त्रले महिलाहरूको अनुभवलाई शक्ति, गुण र कर्मका अवधारणामा पुनः अर्थ दिन सक्छन् । यी दर्शनहरूले नेपाली सन्दर्भमा महिलाको राजनीतिक सशक्तिकरण बुझ्न वैकल्पिक र गहिरो ढाँचा प्रदान गदर्छन् ।

छलफल **(Discussion)**

नेपालमा महिलाको राजनीतिक प्रतिनिधित्व कानुनी रूपमा सुनिश्चित गरिएको भए पनि व्यवहारमा त्यो प्रतिनिधित्व गहिरो पितृसत्तात्मक संरचनाबाट संरचितछ । भोजपुर जिल्लाबाट सङ्कलित ९ वटा अन्तर्वार्ताले स्थानीय महिला नेतृहरूका अनुभवहरूमार्फत यथार्थ उजागर गर्दछ । यस चर्चामा ती अनुभवहरूलाई नेपालको आर्थिक-राजनीतिक तथ्यांक र वैदिक दर्शन विशेषतः वैशेषिक सूत्र र तन्त्रशास्त्रको आलोकमा विश्लेषण गरिएको छ। गुणको उपस्थिति, तर कर्ममा पहुँच छैन (Vaisesika Sutra Perspective) वैशेषिक दर्शन अनुसार प्रत्येक वस्तु वा व्यक्तिलाईगुण (विशेषता) र कर्म (क्रिया) ले परिभाषित गर्दछ (Chatterjee & Datta,1984: 101) । भोजपुरका महिला कार्यकर्ताहरूमा संगठन क्षमता, जनसम्पर्क, नेतृत्व सम्भावना जस्ता गुणहरू प्रस्ट पाइए तापनि राजनीतिक निर्णय प्रक्रियामा संलग्न हुने “कर्म” मा उनीहरूको पहुँच अत्यन्त सीमित देखिन्छ । उदाहरणका लागि, नेकपा एमालेकी स्थानीय कार्यकर्ता सरिता राई भन्छिन् “पार्टीको चुनावमा प्रचार गर्ने, भेलामा बोलाउने जिम्मा हुन्छ, तर रणनीति बनाउँनमा खासै भूमिका हुदैन । स्थानीय तहमा प्रमुख बन्ने महिला नेतृहरू पनि आफ्नो पतिको निर्देशनमा काम गर्छन् । त्यो स्वतन्त्र नेतृत्व होइन” यसले स्पष्ट देखाउँछ कि गुण (शक्ति, चेतना) भएका महिलाहरू ‘राजनैतिक कर्म’ मा प्रवेश गर्नबाट रोकिएका छन् । जुन वैशेषिक अवधारणाको ‘गुण, कर्म विच्छेद’ सँग मेल खान्छ । वैशेषिक दर्शन अनुसार, प्रत्येक वस्तु वा व्यक्ति गुण (qualities) र कर्म (action) द्वारा परिभाषित हुन्छ (Chatterjee & Datta,1984 : 91) । भोजपुरका राजनीतिकर्मी महिलाहरूमा नेतृत्व, समर्पण र सङ्गठन क्षमताको गुण स्पष्ट छ । तर उनीहरूको कर्म अन्तर्गत निर्णय प्रक्रियामा संलग्न हुन पाउँने अवसर वञ्चित छ । यसले गुण र कर्मबीचको असन्तुलनलाई देखाउँदछ । तन्त्रशास्त्र अनुसार, नारी स्वयं शक्ति हुन, सर्जक, ध्वंसक र रूपान्तरणकारी (Mookerjee,1971 M 62) पनि । भोजपुरका महिला कार्यकर्ताहरूले सामाजिक अवरोधका बीच नेतृत्व गर्ने क्षमता देखाएका छन् । जुन ‘कुण्डलिनी’ शक्तिका अनुसार महिला जस्तै दबिएका भए पनि शक्तिशाली छन् । तर पितृसत्तात्मक राजनैतिक ढाँचाले यो शक्तिलाई रोकिरहेको देखिन्छ ।

स्थानीय तहका महिलाले आफ्नो भोगाइमा देखाएका सामाजिक, सांस्कृतिक र संरचनात्मक समस्याहरूले यो कुरा स्पष्ट हुन्छ कि महिलाहरूलाई प्रतिनिधित्वमा स्थान त दिइन्छ तर निर्णयमा सहभागी गराउने वातावरण छैन । यसले प्रतिनिधित्वको मात्रात्मक विकास हुँदा पनि गुणात्मक विकास हुन सकेको छैनभन्ने तथ्य उजागर गर्दछ । उदाहरणका लागि महिलाहरूले आफूलाई प्रतिनिधित्व दिने ठाउँमा मात्र नभई निर्णय गर्ने ठाउँमा पनि सक्रिय बनाउनुपर्ने आवश्यकता महसुस गरेका छन् । तर वास्तविकतामा उनीहरूलाई सिमित भूमिका मात्र दिइन्छ । जसलाई हामी 'प्रतिकात्मक प्रतिनिधित्व' भन्दछौं, यो स्थिति भौतिक, सामाजिक र सांस्कृतिक बाधाहरूका कारणले सिर्जना भएको हो । महिलाहरूको गुण (गुण) र कर्म (कर्म) लाई जोडेर हेर्‍यो भने उनीहरूमा नेतृत्व गर्ने क्षमता र इच्छा त छ तर उनीहरूको राजनीतिक अधिकार प्रयोग गर्ने अवसर कम छ । प्रस्तुततथ्यले महिलाको सशक्तिकरणका लागि केवल प्रतिनिधित्व दिने मात्रै होइन, निर्णय प्रक्रियामा बराबरी अवसर र सक्रिय सहभागिता दिन आवश्यक छ । भोजपुरमा महिलाको राजनीतिक प्रतिनिधित्व संविधानतः सुनिश्चित भए पनि व्यवहारिक रुपमा अझै चुनौतीपूर्ण रहेको देखिन्छ । स्थानीय तहको निर्वाचन प्रणालीमा महिलाका लागि आरक्षण सुनिश्चित भए पनि वास्तविक नेतृत्व भूमिकामा पुग्ने महिला नेतृहरूको संख्या न्यून छ । भोजपुरजस्ता ग्रामीण र पहाडी क्षेत्रहरूमा सामाजिक संरचना अझै पितृसत्तात्मक छ, जसले महिलाको सार्वजनिक भूमिकालाई सीमित पार्ने काम गर्दछ । धेरैजसो महिला प्रतिनिधिहरू परिवार, राजनीतिक पाटी वा पुरुष नेताहरूको छायाँमा सीमित रहन बाध्य छन् । राजनीतिक प्रशिक्षण, आर्थिक पहुँच र आत्मविश्वासको अभावले उनीहरू नीति निर्माणमा स्वतन्त्र र निर्णायक भुमिका निर्वाह गर्न संकोच मान्छन् । यद्यपि, पछिल्लो समय केही महिलाहरूले सक्रिय राजनीति, स्थानीय नेतृत्व र समुदायमा सशक्त भूमिका खेल्न थालेका उदाहरणहरू पनि देखिन थालेका छन । यसले महिला नेतृत्वको सम्भावनालाई औंल्याउँछ । तथापि, समावेशी लोकतन्त्रको पूर्ण अभ्यासका लागि राजनीतिक दल, राज्यसंरचना र समाजले संयुक्त रुपमा महिलालाई सक्षम बनाउने रणनीति अवलम्बन गर्न आवश्यक छ ।

### तन्त्रमा महिला शक्ति, व्यवहारमा दासी (Tantric Feminine Framework)

तन्त्रशास्त्र विशेषतः शाक्त मार्गले महिलालाई शक्ति स्वरूप मानेर नेतृत्व, सृष्टि, र रूपान्तरणको केन्द्रमा राख्दछ (Mookerjee, 1971 M 88) । यद्यपि व्यवहारमा महिलाहरू अझै पनि 'सहायक कार्यकर्ता' को भूमिकामा सीमित छन् । स्थानीय माओवादी कार्यकर्ता अनिता खड्का यस प्रसंगमा भन्छिन्  हामी क्रान्तिमा अगाडि थियौं । तर संविधान लेख्ने भूमिका हामी पछि पर्‍यौं, युद्धकालमा हामी अग्रपंक्तिमा थियौं, तर शान्ति प्रक्रियापछि हामीलाई फेरि घरभित्र सीमित गरियो । यो कथन तन्त्रको "कुण्डलिनी शक्ति" अदृश्य तर जागृत शक्तिसँग मेल खान्छ, जुन जागृत हुन पाउँदैन भने निष्क्रिय रहन्छ । महिला कार्यकर्ताहरूमा परिवर्तनको सम्भावना छ, तर संरचनागत अवरोधले तिनीहरूको शक्ति दबिएको छ।विशेषतः 'महिला', 'शक्ति', 'धर्म', 'निर्णय', 'समाज', 'सहभागिता', जस्ता शब्दहरु सँगसँगै आएका छन । जसले महिलाको भूमिकालाई केवल धार्मिक कार्यमा सीमित नराखी सामाजिक ज्ञान उत्पादन, विश्वासको निर्माण र शक्ति अभ्यासमा समेत महत्वपूर्ण देखाउँदछ । Mookerjee (1971) ले बताएको झैं, समाजमा विभेद, दलित र आर्थिक रूपमा पिछडिएका वर्गहरूकोस्थिति जति कमजोर छ, त्यति नै उनीहरूको राजनीतिक प्रतिनिधित्व

पनि सीमित हुन्छ, त्यस्तै गरी महिलाहरू पनि सामाजिक संरचना, सांस्कृतिक र आर्थिक बाधाका कारण राजनीतिक क्षेत्रमा पूर्णरूपले सहभागी हुन सकिरहेका छैनन् । महिलाहरूको राजनीतिक प्रतिनिधित्व प्रायः मात्रात्मक हुन्छ तर गुणात्मक रूपमा उनीहरूको आवाज र प्रभाव कमजोर रहन्छ।

महिला नेतृत्वमा थुप्रै चुनौतीहरू छन, जसमा सामाजिक पूर्वाग्रह, सांस्कृतिक बन्देज, आर्थिक स्रोतको अभाव, र निर्णय प्रक्रियामा सीमित पहुँच प्रमुख हुन् ।यी सबै बाधाहरूले महिलाको सशक्तिकरणमा अवरोध पुऱ्याउँ छन् । जसरी समाजका दलित र पिछडिएका वर्गहरूलाई राजनीतिक रूपमा कमजोर बनाइन्छ । त्यसरी नै महिलाहरू पनि राजनीतिक रूपमा प्रभावशाली हुन सकिरहेका छैनन् उनीहरूको क्षमता, आवाज र अधिकारलाई पूर्णरूपमा राजनीतिक संरचनामा समावेश गर्नुपर्ने हुन्छ ।यसैले महिलाको राजनीतिक प्रतिनिधित्वलाई गुणात्मक र प्रभावकारी बनाउन सामाजिक, सांस्कृतिक र आर्थिक चुनौतीहरूलाई सम्बोधन गर्नु अत्यावश्यक छ ।

**आर्थिक बाध्यता र पहुँचको असमानता**

महिलाहरू चुनावी प्रक्रिया र राजनीतिमा प्रवेश गर्दा आर्थिक स्रोत, लगानी, प्रचार र पहुँचको अत्यावश्यक हुन्छ । राजनीतिक प्रतिनिधित्वका सन्दर्भमा अध्ययन गर्नुपूर्व उनीहरुको सामाजिक आर्थिक अवस्था र भौतिक जीवन बुझ्न आवश्यक छ । सम्पत्तिको अधिकार छोरामा निहित हुने र महिला पुरुषका भार्य भएकाले श्रीमती आर्थिक रुपमा पुरुषसँग आश्रित (Nongbori, 2018 : 79-97) छन् । सम्पन्न र शक्तिशाली राजनीतिक परिवारका महिलामा यो बाध्यता छैन । यसर्थ सम्पन्न र राजनीतिक पहुँच भएकाहरूको राजनीतिमा अधिक प्रतिनिधित्व हुने अवस्थाको सृजनाले नेपालका अधिकतम् निम्नमध्यम वर्ग र गरिव परिवारका राजनीतिकर्मी महिलाहरू चुनाव लड्न सक्ने अवस्थामा छैनन् । राजनीतिमा महिलाको अर्थपूर्ण (Paxton et al, 2003) प्रतिनिधित्व हुन सकिरहेको छैन । आम महिलाहरूको स्वार्थ, मुद्धा, भोगाई र उनीहरूका वास्तविक समस्याहरू सम्भ्रान्त तथा शक्तिशाली राजनीतिक परिवारका छोरी, बुहारी र श्रीमतीले बुझ्न, नियाल्न र पहिचान गर्न सकिरहेका हुदैनन् । परिवर्तित व्यवस्थामा समेत नेपाली पुरुषप्रधान परिधि र संरचनामा क्षयीकरण हुन सकिरहेको छैन, किनकि नेपाली अर्थतन्त्रमा उत्पादनमूलक क्षेत्रको भूमिका अत्यन्त कमजोर धरातलमा आधारित रहेकाले पनि समाजमा अर्थतन्त्र स्वतन्त्र रूपमा प्रवाह हुन पाउँदैन । यसर्थ नेपाली समाजमा आधारित अर्थतन्त्र उद्योगधन्दा कलकारखानामा लगानी नहुँदा रोजगारका अवसरहरू पनि सृजना हुन सकिरहेको छैन । नेपाली अर्थतन्त्र अर्थात् द्रव्यानी विप्रेषण अर्थतन्त्र र आयातमुखी बजारको परिधिमा बाँधिएकाले उत्पादनको क्षेत्रमा पूँजी लगानी हुन नसक्दा उक्त पूँजीले उत्पादनमुखी कार्यमा योगदान पुऱ्याउँन सकिरहेको छैन, जसबाट नेपाली श्रमबजारमा रोजगारीका पर्याप्त अवसरहरू सृजना हुन सकिरहेको छैन । क्षमता भएका र कामगर्न सक्ने उमेरका मानिसहरू दैनिक वैदेशिक रोजगारमा जानेक्रम बढ्दो अवस्थामा छ । जसले रेमिट्यान्स अर्थतन्त्रलाई प्रोत्साहन दिइरहेको छ । नेपाली अर्थतन्त्रले उत्पादनमूलक क्षेत्रमा अपेक्षित योगदान पुऱ्याउँन नसकेकै कारण यहाँको सामाजिक अवस्थामा पनि परिवर्तन आउँन सकेको छैन । कमजोर अर्थतन्त्रका कारण नेपालको सामाजिक क्षेत्रमा समेत अपेक्षाकृत सुधार हुन सकेको छैन । फलस्वरूप

पुरुषप्रधान मूल्यमान्यतामा पनि परिवर्तन आउँन सकेन, र यसको प्रभाव सोझै राजनीतिमा पनि पर्ने देखिन्छ ।

नेपालमा महिलाको जनसंख्या ५१.०४% छ (CBS, 2021) । तर उनीहरूको सम्पत्ति स्वामित्वमा पहुँच निकै सीमित छ, भूमि र घरको संयुक्त स्वामित्वमा रहेका महिला जम्मा २६% मात्र छन् (MoFAGA, 2022) । सरकारी सेवामा कार्यरत महिलाको संख्या २४.५% मा सीमित छ, जसमा पनि निर्णय गर्ने तहमा महिलाको उपस्थिति न्यून छ (PSC, 2023) । उल्लेखित तथ्यांकहरुले महिलाको राजनैतिक सक्रियताको आर्थिक आधार कमजोर रहेको देखाउँछ । नेपालको राष्ट्रिय तथ्यांक २०२१ अनुसार, १५ वर्ष वा बढी उमेरका महिलाहरूमा ७७% ले आफ्नो व्यक्तिगत आम्दानी छैन। ग्रामीण महिलाहरू अझ आर्थिक रूपमा निर्भर छन् (CBS, 2021, Table : 46) ।

विद्यमान अवस्था रहिरहँदासम्म पुरुषप्रधान समाजमा महिला आर्थिक रूपले पुरुषप्रति नै निर्भर रहनुपर्ने वाध्यता भएकाले समाजका रीतिथिति, मूल्यमान्यता रसंस्कारहरूको माध्यमद्वारा महिलालाई दोस्रो दर्जाको व्यवहार भइरहने तथ्यको पुष्टि नेपाली काँग्रेस, नेपाल कम्युनिष्ट पार्टी (एमाले) र नेकपा माओवादी केन्द्रका महिला कार्यकर्ताहरूबाट आएका सामाजिक आर्थिक संङ्कथनबाट हुन्छ । शिक्षा र सञ्चार माध्यमबाट आएका विचारहरू लैङ्गिक समानता, महिला सशक्तिकरण, लैङ्गिक समावेशीता र उदारता जस्ता शब्दहरू कागज, बोली र भाषणमा मात्र सीमित छन् । अर्थतन्त्रको आधारमा रचना भएको भौतिक अवस्थामा यस्ता विचारहरू निष्प्रभावी हुन्छन् । यी विचारका मर्महरु संविधानमा उल्लेख गरिएको भएपनि व्यवहारिक रसामाजिक जीवनमा लागू भएको पाइदैन् । .

अध्ययन क्षेत्रमा स्थानीय तहको निर्वाचन २०७४ र २०७९ मा कार्यकारी राजनीतिक पदमा एकजना पनि महिला निर्वाचित भएका छैनन् (निर्वाचन आयोग, २०७४) जिल्ला समन्वय समिति प्रमुख, नगरपालिका प्रमुख, गाउँपालिका प्रमुख र वडाध्यक्ष जस्ता प्रमुख कार्यकारी पदमा महिलाको प्रतिनिधित्वछैन । महिलालाई कार्यकारी र प्रभावशाली पदमा चुनाव लडाउँन राजनीतिक दलहरू संकोच मान्दछन् । अध्ययन क्षेत्रका राजनीतिकर्मी महिला कार्यकर्ताहरूको धारणामा राजनीतिक वृत्तमा महिलालाई कमजोर दृष्टिले हेरिनु नै उनीहरूको स्तर दोस्रो दर्जामा सीमित रहनु हो । केही राजनीतिक परिवारर सीमित व्यक्तिको हातमा नेपालको सामाजिक राजनीतिक संरचनाको बागडोर रहेकाले आफू र आफ्नो परिवार र दलको स्वार्थमा लिप्त हुने परिपाटीले राष्ट्र र आम नागरिकको स्वार्थ चाहिँ ओझेलमा परेको छ । यस सन्दर्भमा नेपाली काँग्रेसकी कार्यकर्ता मिनु राईलाई राजनीति भनेको के हो र यसलाई कसरी लिनु भएको छ भनी प्रश्न गर्दा उनले भनिन् "राजनीति भनेको जसरी नि आफू अगाडि बढ्ने र सक्षम बन्ने, अरुलाई पछार्ने, आफ्नो परिवार र पार्टीको स्वार्थका लागि अरुको खुट्टा तान्ने प्रवृत्ति भएको क्षेत्र नै राजनीति रहेछ । राजनीतिक व्यवस्था परिवर्तनका लागि आमसर्वसाधरण महिलाले योगदान पुऱ्याएका भएपनि आज ती वर्गले लोकतन्त्रको खासै महसुस गर्न पाएका छैनन् । राजनीति भनेको आर्थिक शक्ति, पहुँचका आधारमा परिचालित शक्ति रसामाजिक स्तरको तुलना गरिने क्षेत्र हो । महिलाको बास्तविक राजनीतिक प्रतिनिधित्व गराउँनका लागि राज्य र दलहरुले महिला महिला बीच मात्र प्रतिनिधित्व गराउँन' आवश्यक छ (राई, २०८१) ।"

नेपाली काँग्रेसकी स्थानीय कार्यकर्ता दिपा राई भन्छिन् "चुनाव लड्ने पैसा हुँदैन, जनतासँग काम गरेर मात्रै पुग्दैन ।" आर्थिक निर्भरता महिलाको राजनीतिक निर्भरता पनि हो । यसले पनि वैशेषिक धाराको "समवाय" अवधारणा (cause–effect interrelation) सँग मिल्दोजुल्दो छ, राजनीतिक पहुँचको कारण आर्थिक स्रोत र सामाजिक पहुँच हो । जुन राजनीतिमा अपरिहार्य छ ।

त्यस्तै तान्त्रिक दर्शनमा, शक्ति र चेतनाको समन्वयलाई प्रमुख मानिन्छ। तान्त्रिक परम्पराले नारीलाई शक्तिको मूर्ति (शक्ति स्वरूप) मान्छ र उनको समुचित भूमिका नहुनु समाज र राज्यमा ऊर्जा र चेतनाको असंतुलनको सूचक हो । तान्त्रिक दृष्टिकोणले नारीलाई मात्र शारीरिक वा सांस्कृतिक सिमामा राख्ने होइन, उनको आध्यात्मिक, सामाजिक र राजनीतिक भूमिका पनि समान महत्व दिन्छ। यसले महिलाको राजनीतिक प्रतिनिधित्व नहुने वा सीमित हुनु भनेको समाजको ऊर्जा र चेतनाको असमान वितरण हो, जसले दीर्घकालीन रूपमा असफल र असंतुलित सामाजिक व्यवस्थालाई जन्म दिन्छ ।

यस अर्थमा, महिलाहरूको राजनीतिक प्रतिनिधित्वमा देखिने बाधा मात्र बाह्य संरचनागत समस्या होइन, यो दार्शनिक र आध्यात्मिक स्तरमा पनि विचार गर्नुपर्ने विषय हो । वैसैषिक दर्शनले भिन्न भिन्न तत्वहरूको समान र समायोजन आवश्यक ठान्छ भने तान्त्रिक दर्शनले सबै चेतनात्मक शक्ति र भूमिका बराबरी हुनुपर्ने बताउँछ । यी दुई दर्शनले हामीलाई महिलाहरू र दलितहरूको राजनीतिक प्रतिनिधित्व सशक्त बनाउन र समग्र समाजमा समावेशी, सन्तुलित र सामञ्जस्यपूर्ण विकास गर्न गहिरो ज्ञान प्रदान गर्दछ ।

**प्रतिकात्मक प्रतिनिधित्व वेनाम प्रभावशाली सहभागिता**

नेपालको संविधानले ३३ प्रतिशत महिला प्रतिनिधित्व अनिवार्य गरे पनि त्यहाँ गुणात्मकता न्यून छ । सन २०२२ को संसदमा (१८३ मध्ये) महिलाको उपस्थिती ९१ जना भए तापनि, प्रभावशाली नेतृत्व भूमिकामा कमै महिला छन् (Inter–Parliamentary Union, 2023) । भोजपुरका राजनीतिकर्मी महिला नेतृहरूबाट पनि यही कुरा देखिन्छ, उपस्थित त छन्, तर आवाज छैन। नेकपा एमालेकी स्थानीय कार्यकर्ता उमा राई भन्छिन् "हामीलाई सूचीमा राखिन्छ, चुनावमा काममा लगाइन्छ, तर बैठकमा निर्णायक भूमिका हुँदैन । निर्णय पुरुष नेताहरूले गर्छन् । "हामी नामका लागि सूचीमा छौं, निर्णय गर्ने ठाउँमा आजसम्म पुग्न सकेका छैनौं (राई, २०८१) ।" यो "दृश्य उपस्थिति, अदृश्य प्रभाव" को अवस्था हो, जहाँ तान्त्रिक शक्तिको चेतना त छ, तर संस्थागत अवरोधले त्यसलाई 'मौन' बनाएको छ ।

सामाजिक र मानवीय क्रियाकलापको उपज नै राजनीति हो । मानिस राजनीतिबाट टाढा रहेपनि उसलाई राजनैतिक गतिविधिहरूले पाभाव पारिरहेको हुन्छ । अर्थतन्त्रले राजनीतिलाई प्रत्यक्ष तथा परोक्ष प्रभाव पार्दछ (Kautilya,1972, p.13,14,73-89) अर्थतन्त्रका माध्यमबाट उत्पन्न हुने सामाजिक अवस्थाको मुख्य पक्ष राजनीतिक आयाम हो । राजनीतिक विषय समाजको शक्तिसँग जोडिएको हुन्छ (Hays, 1985) । जुन समूह वा वर्गको सामाजिक अवस्था सुदृढछ, राजनीतिमा पनि त्यही वर्गको प्रभुत्व हुने गर्दछ (Hays, 1985) । महिला कार्यकर्ताहरू राजनीतिमा सक्रिय हुनुको

मुख्य उदेश्य महिलाको स्थितिमा सुधार गरी समाजमा आफ्नो स्वतन्त्र पहिचान स्थापित गर्नु नै हो । तर नेपाली राजनीतिमा अधिकतम् महिला निम्नमध्यम र गरीब परिवारका भएकाले उनीहरूको अर्थपूर्ण राजनीतिक प्रतिनिधित्व (Paxton et al., 2007) हुन सकिरहेको छैन । नेपालको दोश्रो जनआन्दोलन वि.सं २०६२/०६३ पछि निर्माण भएका विचारहरुमा लिङ्गीय समानता, समावेशीकरण र महिला सशक्तीकरणका माध्यमबाटसमाजमा महिला भन्ने शब्द बृहत् ज्ञानको स्तर बनेको छ । महिला शब्द आफैमा प्रजातान्त्रिक आन्दोलनको प्रभावले प्रचलनमा आएको हो । महिला शब्दले सशक्तीकरण लिङ्गीय समानताको विचारहरू समटेको छ । यसर्थ नारीलाई महिला भनेर मानव जातिको अङ्ग मानिएको छ । जुन कुराको पुष्टिको नेपालको संविधान २०७२ ले गर्दछ ( नेपाल सरकार, २०७२, पृ. ८-९) । संविधानले महिलालाई लिङ्गीय समानताका आधारमा महिला पुरुष समान नागरिक मानेरसवै नागरिकहरूलाई धारा (१) ले कानुनका अगाडिसवै समान हुने र कुनै प्रकारको भेदभाव गरिने छैन भनिएको छ । संविधानको त्यही धारामा लिङ्गको आधारमा भदेभाव भेदभाव गरिने छैन भनेको छ (नेपाल सरकार, २०७२, पृ. १५-१६) घरगृहस्थीका कामकाज र समाजका आलोचनाहरुलाई छिचोल्दै राजनीतिमा संलग्न भएपनि कमजोर आर्थिक अवस्थाले अपेक्षित प्रतिफल हासिल गर्न सकिरहेका छैनन् । निर्वाचन प्रक्रियामा अस्वाभाविक आर्थिक चलखेल बढ्दै गएकाले त्यस्ता चलखेलमा सर्वसाधरण महिलाको पहुँच पुग्न सक्दैन् । फलस्वरुप उनीहरु राजनैतिक प्रतिनिधित्वबाट बञ्चित हुन पुग्दछन् । योग्यता, क्षमता र योगदानका आधारमा नभई पारिवारिक विरासत, नातावाद, आर्थिक अपचलनका माध्यमबाट नेतृत्व हत्याउँने राजनीतिक कुसंस्कार साधनका रुपमा प्रयोग हुनुले स्वस्थ र निष्पक्ष प्रजातान्त्रिक प्रणालीालीमा अवरोध सृजना हुँदै गएको अन्तर्वार्तामा सहभागी राजनीतिकर्मी महिला कार्यकर्ताहरुको धारणा छ ।

ब्यवस्था परिवर्तनसँगै केही उच्च र कुलीन परिवारले परिवर्तनको अनुभव गरे पनि आम सर्वसाधरण महिला समुदायको परिवर्तन हुन सकेको छैनन् । सामान्य नागरिक वा परिवारको जनजीवनमा परिवर्तनको अनुभव भएमा मात्र समग्रसमाजको परिवर्तन हुन सक्दछ । जनजाति महिलाहरूलाई आफ्नो बर छनौंट गर्ने र छोडपत्र गर्ने केहीहदसम्म स्वतन्त्रता छ । तर जनजाति महिलाहरूका सङ्कथन अनुसार उनीहरू पनि पुरुषप्रधान आकारमा घरगृहस्तिकै काममा बाँधिएका छन् । जनजाति महिलालाई पनि सामाजिक र सांस्कारिक बन्धनहरुले बाँधेको छ । छोरी परायधन र छोरालाई बहादुरीको प्रतीकका रुपमा हेर्ने दृष्टिकोणले महिलाको स्तरलाई झल्काउँदछ । नेपालका सवै समुदायमा छोरा र छोरीप्रतिको दृष्टिकोण प्राय समान छ । छोरीलाई परायधनका रुपमा हेरिनुले पनि उनीहरुको राजनीतिक सशक्तीकरणमा बाधा पुऱ्याउँदछ । राजनीतिकर्मी महिला कार्यकर्ताहरुले दलका कार्यक्रममा महिला सशक्तीकरणमा प्रतिकूल संस्कारको विरोध गरेपनि पारिवारिक संस्कार रसमाजमा कायम रीतिथितीलाई उल्लंघन गर्न सक्दैनन्, बरु स्वयमले ब्यवहारमा उर्तानु पर्ने बाध्यता हुन्छ । राजनैतिक क्षेत्रमा महिलालाई पुरुषसरह सजिलो छैन, घरबाहिर निष्कनु पूर्व परिवार र बालबच्चालाई सोच्नुपर्ने हुन्छ । राजनीति फूर्सदिला र स्वतन्त्र ब्यक्तिले गर्ने पेशा हो । जहाँ जुनसुकै समय पनि पुग्नु पर्ने हुन्छ । तर पारिवारिक दायित्वले पनि महिलाका लागि यो सहज छैन् । समाजका संस्कारहरुले राजनीतिमा अदृष्य रुपमा प्रभाव पारिहेको हुन्छ । महिलालाई हेर्ने दृष्टिकोण

र ब्यवहारले महिलाहरु राजनीतिमा आजित भएको अनुभव पोख्दछन । यस आधारबाट हेर्दा उनीहरुको राजनीतिक उमंग र उत्साहमा क्षयीकरण हुदै गएको पुष्टि हुन्छ ।

भोजपुरमा महिलाहरूको राजनीतिक सक्रियता र नेतृत्वले स्थानीय राजनीतिक संरचनाहरूमा महत्वपूर्ण योगदान पुर्याएको छ, तर, उनीहरूले कैयौ चुनौतीहरु पनि भोगिरहेका छन् । यस अर्न्तगत अर्न्तगत, (क) पारिवारिक तथा सामाजिक बाधा : महिला अभियान्ताहरू प्रायः पारिवारिक जिम्मेवारी र सामाजिक दबाबले सीमित हुन्छन् । 'परम्परागत भूमिका' को अपेक्षाले उनीहरूको राजनीतिक सक्रियता घट्ने गरेको छ । भोजपुरमा राजनीतिकर्मी महिलाका अनुसार परिवार र समाजले राजनीति गर्ने महिलालाई नकारात्मक दृष्टिले हेर्ने चलन अझै बाँकी छ । (ख) संसाधन र पहुँचको अभाव : आर्थिक स्रोत तथा सञ्जालको अभावले महिला अभियान्ताहरूलाई राजनीतिक क्षेत्रमा दीर्घकालीन रूपमा टिक्न कठिन बनाएको छ । ग्रामीण भेगका राजनीतिकर्मी महिलाहरूले राजनीतिक प्रशिक्षण र सम्वन्धित अवसरहरूमा कम पहुँच पाएको अनुभव गरेका छन् । (ग) सांस्कृतिक तथा संरचनात्मक अवरोध : महिलाका लागि 'राजनीतिक नेतृत्व' सांस्कृतिक रूपमा सामान्य कुरा नभएकाले महिलाहरूलाई सम्मानित नेतृत्वको रूपमा स्विकार्न कठिनाइ भएको देखिन्छ । राजनीतिक दलहरूमा महिला प्रतिनिधित्वको न्यूनता र महिला नेताहरूलाई निर्णायक भूमिकामा लैजान नसक्ने प्रबृति अझै पनि कायम छ ।यस्ता कैयौं ब्यवधानका बीच सकारात्मक अनुभव र प्रगतिशील पक्षहरू पनि रहेका छन् । यद्यपि अवरोधहरूका बीच भोजपुरका महिला राजनीतिक अभियान्ताहरूले नयाँ पुस्ताका महिलाहरूलाई सशक्त पार्ने, महिला हकहितमा आवाज उठाउने र स्थानीय विकासमा महत्वपूर्ण योगदान पुऱ्याउने काम गरिरहेका छन् । उनीहरूको सक्रियताले महिला नेतृत्वका लागि नयाँ ढोका खोलिरहेको र स्थानीय स्तरमा समेत लैङ्गिक समानताको सन्देश दिइरहेको अनुभूति हुन्छ ।

तन्त्रशास्त्रको दृष्टिमा शक्ति आन्तरिक यात्रा हो । अन्तर्वार्तामा सहभागी सबै महिलाहरूले व्यक्त गरेका अनुभव र भोगाइका आधारमा उनीहरूको राजनीतिक जागरण व्यक्तिगत संघर्षबाट उत्पन्न भएको हो न कि दलको प्रशिक्षण वा अवसरबाट । यस सन्दर्भमा माओवादी कार्यकर्ता अनिता खड्का आफ्नो अनुभव सुनाउँदै भन्छिन्"म गाउँको पहिलो महिला थिँए, मैले अन्यायका विरुद्ध विरोधको स्वरहरु उठाए, तव मात्र अरू महिलाहरू अघि बढ्न थाले । हाम्रो योगदानलाई मूल्याङ्कन गरिँदैन । अहिले पनि मलाई 'पूर्व लडाकु' भनेर हेपिन्छ ।" यो व्यक्तिगत 'शक्ति जागरण' तान्त्रिक अवधारणाको मूल हो, बाह्यबाट होइन, आन्तरिक रूपान्तरणबाट सामूहिक परिवर्तन सुरु हुन्छ । भोजपुरका महिला कार्यकर्ताहरूको अनुभवले देखाउँछ कि गुण, इच्छा र चेतना भए तापनि, उनीहरूको राजनीतिक कर्म संस्थागत पितृसत्ताले रोकिरहेको छ । वैशेषिक सूत्रको "गुण-कर्म-समवाय" र तन्त्र शास्त्रको "कुण्डलिनी शक्ति" अवधारणाले नेपाली महिलाहरूको राजनीतिक अनुभवलाई वैकल्पिक ढाँचाबाट बुझ्न सकिने सम्भावना देखाउँछ । यी दर्शनहरूले केवल आध्यात्मिक नभई राजनीतिक विश्लेषणका लागि पनि सशक्त बिम्ब प्रदान गर्छन । जसले महिलाको शक्ति, अवरोध र रूपान्तरणलाई गहिरो रूपमा बुझ्न मद्दत गर्दछ । यद्यपि नेपालको संविधानले महिलाको सहभागिता सुनिश्चित गरेको छ, पहुँचको आधारमा हुने छनौटले ग्रामीण, दलित वा सीमान्तकृत महिलालाई पछाडि पारिरहेको छ (Bhattarai, 2016 :p.45) । महिला कार्यकर्ताहरू

सशक्त र क्षमतावान छन्, तर चुनावमा उम्मेदवार बन्न, पार्टीमा नेतृत्व लिन वा नीति बनाउँने तहमा पुग्न उनीहरूलाई अवसर दिइएको छैन । वैशेषिक दृष्टिकोणले महिला कार्यकर्ताहरूमा गुण भएपनि कर्मको अधिकार सीमित देखाएको छ । तन्त्रशास्त्रले तिनीहरूलाई शक्तिका रूपमा मान्दछ, तर त्यो शक्ति संस्था र संस्कारद्वारा थिचिएको छ । त्यसैले महिलाको अर्थपूर्ण प्रतिनिधित्व जहाँ उनीहरूले नीति निर्माण जस्ता महत्वपूर्ण क्षेत्रमा वास्तविक प्रभाव पार्न अझै बाँकी छ ।

जीवनानुभव र सामाजिक विवेकको शक्ति (Experiential Political Agency) महिलाहरूको राजनीतिक संलग्नता तिनीहरूको निजी जीवन, दैनिकीका संघर्ष र सामाजिक अन्यायका अनुभवबाट उत्पन्न भएको हो । पुष्टि गर्ने आधार अर्न्तगत, महिला कार्यकर्ताहरूले उल्लेख गरेजस्तै, "उहाँहरूमध्ये धेरै जनाले पहिलोपटक आफ्नै समस्याबाट राजनीतिमा बोल्न थालेका थिए"–यसले उनीहरूको grassroots political awakening देखाउँछ । Feminist standpointtheory अनुसार महिलाहरूको जीवन (अनुभव स्वयं ज्ञान उत्पादनको स्रोत हो (Harding, 1991) । सामुदायिक सञ्जाल र पारस्परिक समर्थन (Collective Mobilization & Sisterhood) एकल प्रयासभन्दा महिला कार्यकर्ताहरू सामूहिकतामा विश्वास गर्छन् । "हामी सबै मिलेर सिकेका हौं', 'हामीले एक-अर्काको हिम्मत बढाएका थियौं'' भन्ने कथनले sisterhood solidarity लाई पुष्टि गर्दछ । प्रशिक्षण र सचेतना अभिवृद्धिद्वारा क्षमतावृद्धि (Capacity Building through Exposure) हुन्छ ।

संविधान र कानुनी संरचनाबाट पाएको पहुँच (Institutional/Legal Affirmative Action) नेपालको संविधानको धारा ८४ (८) अनुसार कोटाव्यवस्था पनि उनीहरूको उपस्थितिलाई सुनिश्चित गर्न कानुनी सहारा बनेको छ।संविधानको धारा ३८(४) ले राज्यको हरेक निकायमा महिलाको समान सहभागिता सुनिश्चित गरेको छ । स्थानीय तह निर्वाचन ऐनले महिला वडा सदस्य अनिवार्य गरेको छ । यो legal enabling environment हो । सांस्कृतिक चुनौतीबीच आत्मबल (Resilience amid Patriarchy) परम्परागत लिंगको भूमिकाले चुनौती दिए तापनि महिला कार्यकर्ताहरूले आत्मबल र जनसम्पर्कद्वारा आफ्नो पहिचान बनाएका छन् । एक कार्यकर्ताले भने अनुसार "हामीलाई सुरुमा त घरै भित्र बसेको राम्रो'' भनिन्थ्यो तर अहिले उहिले भन्दा फरक दृष्टिले हेरिन्छ" यसले transformative journey देखाउँछ । Nepal Gender Equality Update (UNDP, 2022) ले ग्रामीण क्षेत्रमा सक्रिय राजनीतिकर्मी महिलालाई परिवर्तनको सम्बाहक मानेको छ । अनौपचारिक राजनीतिक अभ्यासमा संलग्नता (Informal Politics to Formal Power) महिलाहरूले परम्परागत रूपमा घरपरिवार, टोल, संघसंस्था हुँदै स्थानीय शासनसम्म पुग्ने क्रमबद्ध यात्रा गरेका छन् । साना सहकारी समूह, आमा समूह र विद्यालय व्यवस्थापन समितिबाट शुरु गरेर महिलाहरू स्थानीय तहमा वडाध्यक्षका साथै उपमेयरसम्म भएका उदाहरण प्रसस्त छन् । Gaventa, (2006) को power cube model अनुसार, अनौपचारिक क्षेत्रबाट औपचारिक राजनीतिक अभ्यासमा प्रवेश महिलाको सशक्तिकरण वा स्वायत्तताको प्रमाण हो । जसले महिलाहरुको आफ्नो जीवन, निर्णय र अवसरहरुमा नियन्त्रण र अधिकारलाई जनाउदछ । महिलाहरूको राजनीतिक सशक्तीकरण कुनै 'top-down' कोटा वा पार्टीद्वारा दिइएको सुविधा मात्र होइन, यो त उनीहरूको जीवनको सन्दर्भ, सामाजिक संघर्ष, तालिम र सामुदायिक सञ्जालद्वारा निर्माण भएको परिवर्तनकारी

राजनीतिक यात्रा (transformative political journey) हो । यो केवल सत्ता परिवर्तन होइन, तर समाजको संरचनामूल्य र संस्थागत प्रणालीमा सुधार गर्ने दीर्घकालीन प्रक्रिया हो र भोजपुरका राजनीतिकर्मी महिलाहरूको अनुभव यस कुराको जीवन्त प्रमाण हो ।

**निष्कर्ष (Conclusion)**

नेपालमा महिलाको राजनैतिक प्रतिनिधित्वका बारेमा गरिएको यस अध्ययनले कानुनी रूपमा सुनिश्चित गरिएको प्रतिनिधित्व व्यवहारमा गहिरो पितृसत्तात्मक संरचनाद्वारा सीमित गरिएको छ । भोजपुरका प्रमुख तीन दलहरूका महिला राजनैतिककार्यकर्ताहरूको अन्तर्वार्ताबाट स्पष्ट हुन्छ, कि उनीहरू राजनीतिमा सहभागी छन्, तर नेतृत्व गर्ने अधिकारबाट वञ्चित छन्। समानुपातिक प्रणालीले महिला सहभागिता हुँदै प्रतिनिधित्वको ढोका खोलेको भए पनि ती महिलाहरू प्रायः दलका शीर्षनेताहरूका विश्वास पात्र, तथा गरीब, ग्रामीण र सिमान्तकृत महिलाहरूको पहुँच सूचीमा पुग्न गाह्रो हुने गरेको देखिन्छ । आर्थिक निर्भरता, सामाजिक अपेक्षाहरू र घरेलु जिम्मेवारीका कारण महिलाहरूको राजनीतिक यात्रा अझै पनि संघर्षपूर्ण छ । वैशेषिक सूत्रको सन्दर्भमा हेर्दा, महिलाहरूमा आवश्यक गुण (जस्तैः संगठन क्षमता, नैतिक बल, नेतृत्व कौशल) भए तापनि 'कर्म' अर्थात् निर्णय प्रक्रियामा सक्रिय संलग्नता प्राप्त गर्न सक्दैनन् । यो गुण र कर्मबीचको विच्छेद नै महिलाको राजनीतिक विमुक्तिको मूल बाधा हो । तन्त्रशास्त्रको दृष्टिले, महिलामा आन्तरिक शक्ति ( शक्ति चेतना) प्रबल रूपमा विद्यमान छ, जसले समाजमा रूपान्तरण ल्याउने सामर्थ्य राख्छ । भोजपुरका महिला नेतृहरूले देखाएको हिम्मत, आत्मबल र नेतृत्वले तन्त्रको "शक्तिरूपिणी नारी" अवधारणालाई मूर्त रूप दिएको छ । तर यस्ता शक्तिहरू संस्थागत राजनीतिक संरचनामा दबाइएका छन् ।

अत : यस अध्ययनको निष्कर्षमा महिला राजनीतिक प्रतिनिधित्वको संघर्ष केवल संख्या प्राप्त गर्ने होइन, सत्ता, निर्णय र प्रभावमा वास्तविक पहुँच प्राप्त गर्ने संघर्ष हो । यस संघर्षलाई बुझ्न हामीलाई केवल पश्चिमी लोकतान्त्रिक सिद्धान्तहरू होइन, नेपाली समाजमा गहिरो रूपमा गढिएको सांस्कृतिक र दार्शनिक दृष्टिकोण जस्तै वैशेषिक सूत्र र तन्त्रको पनि प्रयोग गर्न आवश्यक छ । महिलाको राजनीतिक सहभागिता मात्र होइन, अर्थपूर्ण प्रतिनिधित्व नै लोकतन्त्रको मापदण्ड हो । भोजपुरजस्ता ग्रामीण जिल्लाका महिलाहरूमा नेतृत्व गर्ने गुण र शक्ति छ, तर उनीहरूलाई अवसर र पहुँचको अभावले पछाडि पारिरहेको छ । सैद्धान्तिक दृष्टिले पनि महिलाहरूको शक्ति र गुण सामाजिक र संस्थागत संरचनाले अवरुद्ध गरेको छ । नेपालमा महिलाको राजनीतिक प्रतिनिधित्व गहिरो संरचनात्मक रूपान्तरण बिना केवल सांकेतिक बन्न पुग्दछभन्ने तथ्यलाई यस अध्ययनले पुष्टि गर्दछ । यसर्थ नीति निर्माताहरुले महिलाको राजनैतिक उपस्थितिलाई संख्यामा मात्र होइन, निर्णय प्रक्रियामा प्रभाव हुने गरी गुणात्मक समावेशिताको आधारमा कार्यान्वयन गर्नुपर्ने आवश्यकता देखिन्छ ।

राजनैतिक बृत्तमा महिलाको उपस्थिती सामाजिक, सांस्कृतिक, आर्थिक र संस्थागत अवरोधका कारण अझै कमजोर अवस्थामा छ । राजनैतिक दलका महिला नेतृहरूले राजनैतिक अवसर पाए पनि निर्णय प्रक्रियामा उनीहरूको अर्थपूर्ण प्रभाव छैन् । विशेषतः ग्रामीण, अल्पसंख्यक समुदायका महिलाहरू अझै पनि प्रतिनिधित्वको दृष्टिले पछि परिरहकै  छन् । सामाजिक मान्यता,

शिक्षा, आर्थिक पहुँच र नेतृत्व विकासको कमीले प्रतिनिधित्वको मार्गमा अवरोध खडा गरेको छ । त्यसैले समावेशी र अर्थपूर्ण राजनीतिक उपस्थितीका लागि संरचनागत सुधार, क्षमता अभिवृद्धि, समान अवसरको सुनिश्चितता र समाजको सोचमा परिवर्तन आवश्यकछ ।

## सन्दर्भहरू (**References**)


नेपाल सरकार, (२०७२), *नेपालको संविधान,* नेपाल कानुन आयोग ।

निर्वाचन आयोग, (२०७४), *स्थानीय तह निर्वाचन  निर्वाचन परिणाम पुस्तक प्रदेश नं. १,* अपसेट प्रेस ।

Acharya, M., & Bennett, L. (1981). *The status of women in Nepal* (Vol. II, Part 9). Kathmandu: Centre for Economic Development and Administration (CEDA).

Adhikari, P. (2014). *Women and political participation in Nepal*. Lalitpur: Samata Foundation.

Bhattarai, K. D. (2016). *Nepal's constitution: The politics of inclusion*. Kathmandu: Martin Chautari.

Braun, V., & Clarke, V. (2006). Using thematic analysis in psychology. *Qualitative Research in Psychology, 3*(2), 77–101. https://doi.org/10.1191/1478088706qp063oa

CBS. (2021). *National Population and Housing Census 2021*. Kathmandu: Government of Nepal.

Chatterjee, S. C., & Datta, D. M. (1984). *An introduction to Indian philosophy* (8th ed.). Calcutta: University of Calcutta.

Crenshaw, K. (1991). Mapping the margins: Intersectionality, identity politics, and violence against women of color. *Stanford Law Review, 43*(6), 1241–1299. https://doi.org/10.2307/1229039

Gaventa, J. (2006). *Finding the spaces for change: A power analysis*. IDS Bulletin, 37(6), 23–33. https://doi.org/10.1111/j.1759-5436.2006.tb00320.x

Hays, S. P. (1985). Society and politics: Politics and society. *The Journal of Interdisciplinary History, 15*(3), 481–499. https://doi.org/10.2307/204143

MoFAGA. (2022). *Land ownership data*. Kathmandu: Ministry of Federal Affairs and General Administration.

Mookerjee, A. (1971). *Kundalini: The arousal of the inner energy*. Thames and Hudson.

Nongbri, I. H. (2018). Women in Brahmanical literature: Some aspects. *The NEHU Journal, 16*(1), 79–97.

Paxton, P., & Kunovich, S. (2003). Political representation: The importance of ideology. *Social Forces, 82*(1), 87–114.

PSC. (2023). *Annual report 2022–2023*. Kathmandu: Public Service Commission.

Samasastri, M. (Trans.). (1915). *Kautilya Arthasastra* (pp. 437–453). Government Press.

Shrestha, C. (2010). *Gender and democracy in Nepal*. Kathmandu: Nepal Institute for Development Studies (NIDS).

Tamang, S. (2009). The politics of conflict and difference or the difference of conflict in politics: The women's movement in Nepal. *Feminist Review, 91*(1), 61–80. https://doi.org/10.1057/fr.2008.51

United Nations Development Programme. (2022). *Gender equality and social inclusion in local level election 2079*. UNDP. https://www.undp.org/nepal/publications/gender-equality-and-social-inclusion-local-level-election-2079